धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# यूनिभर्सल पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।
फोन : ०१-४२५१४६३, ४१०१०९७

## आ.ब. २०७७/०७८ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) **आ.ब. २०७७/०७८ को दोस्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।**

**वित्तीय अवस्थाको विवरण** (रकम रू. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पौष मसान्त २०७७ सम्ममा | असोज मसान्त २०७७ सम्ममा | पौष मसान्त २०७६ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | १,३१५,११८.७९ | १,३४९,२७३.०८ | १,२८७,९८४.५१ |
| पूँजीगत कार्य प्रगति | २,४२९,३९१,९३४.२९ | २,३२०,९८०,६४४.८० | २,०११,८५२,९९३.०० |
| शेयर लगानी | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | २,५७४,९३७,४५३.०८ | २,४६६,५६०,३१७.८८ | २,१५७,३७१,३७७.५१ |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | १५०,०००,०००.०० | ८७०,०००,०००.०० | ५८५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ४७१,२०६,३३३.६९ | १८,९१३,६६९.८२ | ३८७,९६८,०५४.४८ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ४१६,७२०,४९३.८७ | २११,३३९,७५६.५५ | २६८,७१२,०५४.९६ |
| **जम्मा चालु सम्पत्ति** | १,०३७,९२६,८२७.५६ | १,१००,२५३,४२६.३७ | १,२४१,६८०,१०९.४४ |
| **जम्मा सम्पत्ति** | ३,६१२,८६४,२८०.६४ | ३,५६६,८१३,७४४.२५ | ३,३९९,०५१,४८६.९५ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ११७,८५२,६४९.२७ | ११२,४४५,१३५.९३ | ७४,७३२,४०४.८७ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | २,२१८,२०२,६४९.२७ | २,२१२,७९५,१३५.९३ | २,१७५,०८२,४०४.८७ |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,२९८,५९८,६०४.०३ | १,२८८,७७७,५३२.३८ | १,१४०,४७९,२९५.३७ |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ६०,०५२,४२४.८५ | ६१,५८२,२८५.८३ | ५२,५३०,९४८.७३ |
| अल्पकालीन बैंक ऋण | ३०,५६४,०००.०० | - | १०,०००,०००.०० |
| अन्य व्यवस्थाहरू | ५,४४६,६०२.४९ | ३,६५८,७९०.११ | २०,९५८,८३७.९८ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरू** | ९६,०६३,०२७.३४ | ६५,२४१,०७५.९४ | ८३,४८९,७८६.७१ |
| **जम्मा पूँजी तथा दायित्व** | ३,६१२,८६४,२८०.६४ | ३,५६६,८१३,७४४.२५ | ३,३९९,०५१,४८६.९५ |

**आय विवरण** (रकम रू. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पौष मसान्त २०७७ सम्ममा | असोज मसान्त २०७७ सम्ममा | पौष मसान्त २०७६ सम्ममा |
| **आम्दानी** | | | |
| विद्युत बिक्रीबापत् आम्दानी | - | - | - |
| अन्य आम्दानी | २४,२९७,३७८.३४ | १५,६८१,६८०.९७ | ४५,०२४,०६१.२२ |
| **जम्मा आम्दानी** | २४,२९७,३७८.३४ | १५,६८१,६८०.९७ | ४५,०२४,०६१.२२ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | (२,३२३,०९४.३२) | (९५६,५६९.०२) | (४,४६६,४२७.६६) |
| ह्रासकट्टी | (१८७,८७४.११) | (८९,९५१.५४) | (१८३,९९७.७९) |
| **जम्मा खर्च** | (२,५१०,९६८.४३) | (१,०४६,५२०.५६) | (४,६५०,४२५.४५) |
| **आयकर अघिको नाफा** | २१,७८६,४०९.९१ | १४,६३५,१६०.४१ | ४०,३७३,६३५.७७ |
| चालु वर्षको आयकर व्यवस्था | (५,४४६,६०२.४८) | (३,६५८,७९०.१०) | (१०,०९३,४०८.९४) |
| **आयकर कट्टी पछिको नाफा** | १६,३३९,८०७.४३ | १०,९७६,३७०.३१ | ३०,२८०,२२६.८३ |

**नोटः** माथि उल्लेखित अंकहरू आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिनेछ । लेखा परीक्षण नभएका अंकहरू लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेर फेर हुन सक्नेछ ।

ख) **प्रमुख वित्तीय अनुपातहरू सम्बन्धि विवरण निम्नाअनुसार छन् ।**

| अवधि | प्रतिशेयर आम्दानी रू. (वार्षिकीकरण) | प्रतिशेयर नेटवर्थ रू. | तरलता अनुपात | प्रतिशेयर कूल सम्पतीको मूल्य रू. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | १.५६ | १०५.६१ | १०.८० | १७२.०१ | ८४.८४ |

२. **व्यवसायिक विश्लेषणः**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरणः** यस संस्थाले दोलखा जिल्लाको गौरीशंकर गाँउपालिकामा ११ मेगावाट क्षमताको निर्माणाधिन तल्लो खारे खोला जलविद्युत आयोजनाको भौतिक प्रगती विवरण ९८ प्रतिशत सम्पन्न गरीसकेको छ । उक्त जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेकोले आयोजनाको व्यापारीक उत्पादन शुरू भइनसकेको हुनाले संस्थाको विद्युत बिक्रीबाट आम्दानी रहेको छैन ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** हाल यस संस्थाले दोलखा जिल्लामा अवस्थित खारे खोलामा निर्माण गरिरहेको तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा रहेको छ । उक्त आयोजना श्रावण मसान्तमा सम्पन्न गर्ने लक्ष्य संस्थाले लिएकोमा निम्न बमोजिम काबु बाहिरको परिस्थितीका कारणले आयोजना सम्पन्न हुन सकेन ।
● यस वर्ष वर्षायामको श्रावण २२, २०७७ मा खारे खोलामा आएको बाढी (Flash Flood) ले डुबानमा पारेको पावर हाउसमा जडित इलेक्ट्रोमेकानिकल उपकरण र सामान्य क्षती पुगेका अन्य भौतिक संरचनाहरूको मर्मत कार्य भइरहेको छ । कम्पनीले माथिल्लो इङ्खु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को अध्ययन गरिरहेको छ । यस कम्पनीले कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा.) निर्माण गर्न लगानी गर्ने सम्झौता गरेको छ ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सोसम्बन्धी विश्लेषणात्मक विवरणः** कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबुबाहिर) को असर भने सदा रहिरहने छ ।

३. **कानूनी कारबाहीसम्बन्धी विवरणः** यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. **संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः** (क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः

| | |
|---|---|
| अधिकतम मूल्य रू. | १६२.०० |
| न्यूनतम मूल्य रू. | ११६.०० |
| अन्तिम मूल्य रू. | १३२.०० |
| कारोबार भएको कूल दिन | ५८.०० |
| कारोबार संख्या | १५,७२३.०० |

ख) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः** यस संस्थाको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

५. **समस्या तथा चुनौतीः** तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण कार्य सम्पन्न गर्नु पर्ने शुरूको कार्यक्रमलाई २०७२ सालको महाभुकम्प, त्यस लगतै नेपाल भारत सिमा अवरोध र नेपाल विद्युत प्राधिकरणबाट ट्रान्समिशन लाईनको निर्माणमा भएको ढिलाईले अयोजनाको विद्युत उत्पादन हुने मिति संशोधन हुने क्रममा छ । साथै हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण देशव्यापी रूपमा नेपाल सरकारबाट घोषित लकडाउन र यस वर्ष वर्षायामको श्रावण २२, २०७७ मा खारे खोलामा आएको बाढीले गर्दा विद्युत उत्पादनमा ढिलाई हुने भएको छ ।

६. **संस्थागत सुशासनः** संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

२०७७।११।१३ गते